Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**मिति : २०७७ जेष्ठ ५**

## बन्दाबन्दीको समयावधिमा ३३६ जना महिला तथा बालिकामाथि हिंसा

**पृष्ठभुमि**

बन्दाबन्दीको समयमा[1] ३३ वटा जिल्लाहरुमा[2] ३३६ जना महिला तथा बालिकामाथि विभिन्न प्रकारको हिंसा भएको पाईएको छ । यस हप्तामा मात्र ८६ वटा महिला तथा बालिकामाथि भएको हिंसाका घटना अभिलेखिकरण भएका छन् ।

यस अवधिमा अभिलेखिकरण भएका घटनाहरुमध्ये सबैभन्दा बढी १९८ वटा घरेलु हिंसाका घटना संकलन भएका छन् भने संकलन भएका घटनाहरु मध्ये २९ वटा सामाजिक हिसाका घटनाहरु रहेका छन् । सामाजिक हिंसाका घटनाहरुलाई हेदा ९ वटा बाल प्रेम विवाह, ५ जनाको जवरजस्ती विवाह गरिदिएको, ११ जना महिलालाई छरछिमेक र समुदायका व्यक्तिहरुले विभिन्न लाञ्छना लगाई चरित्रहत्या गरिएको र ४ जनालाई बोक्सीको अरोपममा मानसिक यातना दिएको पाइएको छ । यसैगरी ४८ वटा बलात्कार, १० वटा बलात्कारको प्रयास, १२ वटा यौन दुर्व्यवहार, ५ वटा हत्या, २ वटा हत्या वा आत्महत्या अनुसन्धानको क्रममा रहेको, १६ वटा आत्महत्या, २ वटा आत्महत्याको प्रयास, २ वटा हत्याको प्रयासका घटना, २ वटा मानव बेचविखन र १० वटा साइवर अपराधसँग सम्बन्धीत रहेका छन् । घटनामा संलग्न पीडकहरुमा १५५ जना श्रीमान्, ६७ जना परिवारका सदस्यहरु, ६६ जना छिमेकी, १७ जना प्रमी ठानिएका व्यक्ति, ७ जना साथी, ४ जना घरमालिक रहेका छन् भने ३१ जना पीडकको पहिचान खुल्न बाँकि रहेको छ ।

यस अवधिमा संकलन भएका ४८ वटा बलात्कारका घटनाहरु मध्ये २ वटा सामुहिक बलात्कार र २ वटा बैवाहिक बलात्कारको घटना रहेको छ । बलात्कारका घटना भने २ वटा श्रीमानबाट, २८ वटा छिमेकीबाट, २ वटा बुवावाट, १ वटा आफ्नै दाजुबाट, २ वटा परिवारका सदस्यवाट र ६ वटा प्रेमी ठानिएका व्यक्तिवाट भएको पाइएको छ भने १८ वटा घटना पहिचान नखुलेको व्यक्तिबाट भएको पाईएको छ ।

सबैभन्दा बढी १०८ जना महिलाहरु १७ देखि २५ बर्ष उमेर समूहका हिंसाबाट प्रभावित भएको पाईएको छ । यस्तैगरी २६ देखि ३५ वर्ष उमेर समूहका १०३ जना, ३६ देखि ४५ बर्ष उमेर समूहका ४७ जना, ४६ बर्षभन्दा माथिका उमेर समूहका २६ जना महिलाहरु विभिन्न प्रकारका हिंसाबाट प्रभावित रहेका छन् । १६ बर्षभन्दा कम उमेरका ४४ जना बालिकाहरु हिंसाबाट प्रभावित भएका छन् भने उमेर समूह थाहा नभएका ८ जना हिंसाबाट प्रभावित भएका छन् ।

यस्तै, हिंसामा संलग्न पुरुषहरुको उमेरको आधारमा हेर्दा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समुहका ११२ जना युवाहरु रहेका छन् । यसैगरी ८४ जना ३६ देखि ४५ बर्ष उमेर समुहका, ७२ जना १७ देखि २५ वर्ष उमेर समुहका यवाहरु रहेका छन् र ३८ जना ४६ बर्षभन्दा माथि उमेर समूहका पुरुषहरु रहेका छन् । साथै उमेर समुह थाहा नभएका पुरुषहरु ३९ जना र २ जना १६ वर्ष भन्दा कम उमेरका युवाहरु हिंसामा संलग्न भएको पाइएको छ ।

---

[1] बन्दाबन्दी शुरु भएदेखि (मिति २०७६ चैत्र ११ देखि २०७७ जेष्ठ २ गतेसम्म)

[2] धनुषाबाट ३३, मोरङ्गबाट ५९, रुकुमबाट ९, कैलालीबाट ४०, कञ्चनपुरबाट १, दाङ्गबाट २०, काठमाण्डौंबाट ११, भक्तपुरबाट १, बर्दियाबाट १२, सिरहाबाट ४७, सप्तरीबाट १, सर्लाहीबाट २, उदयपुरबाट २२, सुनसरीबाट २१, बाँकेबाट २, स्याङ्जाबाट २, बाग्लुङ्गबाट १, महोत्तरी ९, रौतहट ४, र पर्साबाट २, तेह्थुमबाट १, ओखलढुंगाबाट १, सोलुखुम्बूवाट १,गुल्मीबाट १, सिन्धुलीबाट २, धादिङ्गबाट ११ बभाङ्ग १४, गोर्खाबाट १, लम्जुङ्गबाट १, हुम्लाबाट १, कलिवस्तुबाट १,सल्यान १, चितवनबाट १ लगायतका जिल्लाबाट अभिलेखिकरण भएका हुन् ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

संस्थामा अभिलेखिकरण भएका घटनाहरुमध्ये १५९ जना प्रहरीमा उजुरी दर्ताका लागि गएको, ३९ जना मेलमिलाप समितीमा गएको, ४१ जना हिंसा सहन नसकेर आमाबुवाको घर/ आफन्तकोमा गएर बसिरहेका र ९७ जना प्रभावितले कुनै पनि निकायमा सहयोगका लागि हाल उजुरी गरिनसकेको र वातावरण सहज भएपछि सम्बन्धीत निकायमा जाने बताएका छन् ।

*संस्थासँग आबद्ध मनोविमर्शकर्ताले फोन र सामाजिक दुरी कायम गरी व्यक्तिगत भेटघाटका माध्यमबाट कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित २८६ र ३०८ हिंसा प्रभावित/ प्रभावितको परिवारका सदस्य गरी जम्मा ५९४ जनालाई यस अवधिमा मनोसामाजिक परामर्श प्रदान गरिएको छ ।*

महिला पुनर्स्थापना केन्द्र (ओरेक) द्वारा सञ्चालन गरिएको ३ वटा हटलाईन, मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक, साझेदार महिला सामुदायीक संघसंसस्थाहरुबाट, यी घटनाहरु अभिलेखिकरण गरिएको छ । यी मध्ये ३० वटा घटनाहरु सञ्चार माध्यमबाट संकलन गरिएका छन् ।

लुभराज न्यौपाने
कार्यकारी निर्देशक